# नेपाल राष्ट्र बैंक

## आर्थिक अनुसन्धान विभाग, बालुवाटार, काठमाडौं

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०७८/७९ को सात महिनाको तथ्याङ्कमा आधारित)*

### प्रमुख झलक


- *वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ५.९७ प्रतिशत रहेको छ ।*
- *आयात ४२.८ प्रतिशतले र निर्यात ८८.३ प्रतिशतले बढेको छ ।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ४.९ प्रतिशत र अमेरिकी डलरमा ५.८ प्रतिशतले घटेको छ ।*
- *शोधनान्तर स्थिति रु.२४७ अर्ब ३ करोडले घाटामा रहेको छ ।*
- *कुल विदेशी विनिमय सञ्चिति ९ अर्ब ७५ करोड अमेरिकी डलर रहेको छ ।*
- *संघीय सरकारको खर्च रु.५९१ अर्ब २ करोड र राजस्व परिचालन रु.६१३ अर्ब ४१ करोड रहेको छ ।*
- *विस्तृत मुद्राप्रदाय २.८ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १३.५ प्रतिशतले बढेको छ ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ३.६ प्रतिशतले बढेको छ र निजी क्षेत्रमा प्रवाहित कर्जा १२.३ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १४.६ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर २५.३ प्रतिशत रहेको छ ।*

## मुद्रास्फीती

### उपभोक्ता मुद्रास्फीति

१. २०७८ माघ महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.९७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति २.७० प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.०० प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ५.९६ प्रतिशत रहेको छ ।

चार्ट १: वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति




२. २०७७ माघ महिनाको तुलनामा २०७८ माघ महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल, तरकारी र दाल तथा गेडागुडी उपसमूहको मूल्यवृद्धि क्रमशः २०.६८ प्रतिशत, १४.०७ प्रतिशत र ९.३६ प्रतिशत रहेको छ । साथै, गैर-खाद्य तथा सेवा समूह अन्तर्गत यातायात, शिक्षा र फर्निसिङ्ग तथा घरायसी सामग्री उपसमूहको मुद्रास्फीति क्रमशः १५.८७ प्रतिशत, ७.८६ प्रतिशत र ५.९२ प्रतिशत रहेको छ ।

तालिका १ : वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति (प्रतिशत)

| विवरण | २०७७ माघ | २०७८ पुस | २०७८ माघ |
|---|---|---|---|
| ***समग्र मुद्रास्फीति*** | ***२.७०*** | ***५.६५*** | ***५.९७*** |
| *खाद्य तथा पेय पदार्थ* | *३.०२* | *४.९२* | *६.००* |
| *गैर-खाद्य तथा सेवा* | *२.४४* | *६.२३* | *५.९६* |

३. समीक्षा महिनामा काठमाडौं उपत्यकामा ५.४७ प्रतिशत, तराईमा ६.५० प्रतिशत, पहाडमा ५.३२ प्रतिशत र हिमालमा

५.९७ प्रतिशत मुद्रास्फीति रहेको छ । २०७७ माघमा यी क्षेत्रहरुमा क्रमशः २.१२ प्रतिशत, २.७८ प्रतिशत, ३.३० प्रतिशत र २.०५ प्रतिशत मुद्रास्फीति रहेको थियो ।

### थोक मुद्रास्फीति

४. २०७८ माघ महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति १०.३४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ६.१२ प्रतिशत रहेको थियो ।

५. समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः १२.०९ प्रतिशत, ९.९२ प्रतिशत र ७.०० प्रतिशत रहेको छ । समीक्षा महिनामा निर्माण सामग्रीको थोक मूल्यवृद्धि १६.६१ प्रतिशत रहेको छ ।


### तलब तथा ज्यालादर सूचकाङ्क

६. २०७८ माघ महिनामा वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ५.७२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही महिनामा उक्त सूचकाङ्क १.७७ प्रतिशतले बढेको थियो । समीक्षा महिनामा तलब सूचकाङ्क र ज्यालादर सूचकाङ्क क्रमशः ९.४४ प्रतिशत र ४.६७ प्रतिशतले बढेको छ ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

७. आर्थिक वर्ष २०७८/७९ को सात महिनामा कुल वस्तु निर्यात ८८.३ प्रतिशतले वृद्धि भई रु.१३१ अर्ब ६६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ७.६ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः ११३.० प्रतिशत र २७.७ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यात १२.४ प्रतिशतले घटेको छ। वस्तुगत आधारमा पाम तेल, सोयाविन तेल, पिना, धागो (पोलिष्टर तथा अन्य), जुस लगायतका वस्तुको निर्यात बढेको छ भने अलैंची, चिया, जडीबुटी, तार, तामाको तार लगायतका वस्तुको निर्यात घटेको छ ।



चार्ट २: वैदेशिक व्यापार (सात महिना)

८. आर्थिक वर्ष २०७८/७९ को सात महिनामा कुल वस्तु आयात ४२.८ प्रतिशतले वृद्धि भई रु.११४७ अर्ब ४६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात नगन्य अर्थात् ०.०१ प्रतिशतले बढेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ३०.९ प्रतिशत, ४२.३ प्रतिशत र ८३.८ प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, औषधी, कच्चा पाम तेल, कच्चा सोयाविन तेल, यातायातका साधन तथा पार्टपुर्जा लगायतका वस्तुको आयात बढेको छ भने एम.एस.विलेट, रासायनिक मल, सिमेन्ट, दाल, मोलासिस सुगर लगायतका वस्तुको आयात घटेको छ ।

९. निर्याततर्फ कन्चनपुर, मेची, र नेपालगञ्ज भन्सार कार्यालय बाहेकका नाकाबाट गरिएको निर्यातमा वृद्धि भएको छ। आयाततर्फ भने सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा वृद्धि भएको छ ।

१०. आर्थिक वर्ष २०७८/७९ को सात महिनामा कुल वस्तु व्यापार घाटा ३८.४ प्रतिशतले वृद्धि भई रु.१०१५ अर्ब ८१ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ०.७ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात ११.५ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८.७ प्रतिशत रहेको थियो ।

११. समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु. १२८ अर्ब १७ करोड बराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु. १०४ अर्ब १३ करोड बराबरको भएको थियो ।

## वैदेशिक व्यापारको संरचना

१२. वृहत आर्थिक वर्गीकरणअनुसार समीक्षा अवधिमा भएको कुल निर्यातमा मध्यवर्ती र अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ४८.२ प्रतिशत र ५१.७ प्रतिशत रहेको छ भने पुँजीगत वस्तुको अनुपात नगन्य अर्थात् ०.०२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भएको कुल निर्यातमा मध्यवर्ती, पुँजीगत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ३२.४ प्रतिशत, ०.६ प्रतिशत र ६७.० प्रतिशत रहेको थियो ।

१३. समीक्षा अवधिमा भएको कुल आयातमा मध्यवर्ती वस्तुको अनुपात ५३.७ प्रतिशत, पुँजीगत वस्तुको १०.९ प्रतिशत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात ३५.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी अनुपातहरु क्रमशः ५३.३ प्रतिशत, ११.९ प्रतिशत र ३४.८ प्रतिशत रहेका थिए ।

## निर्यात-आयात मूल्य सूचकाङ्क

१४. वार्षिक विन्दुगत आधारमा २०७८ माघ महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) ११.४ प्रतिशतले बढेको छ भने आयात मूल्य सूचकाङ्क ११.६ प्रतिशतले बढेको छ। २०७७ माघ महिनामा १.९ प्रतिशतले बढेको व्यापारको शर्त (Terms of Trade) २०७८ माघ महिनामा ०.२ प्रतिशतले घटेको छ ।

## सेवा

१५. समीक्षा अवधिमा खुद सेवा आय रु.५५ अर्ब ५९ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु.३५ अर्ब ३७ करोडले घाटामा रहेको थियो ।

१६. सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय १९२.० प्रतिशतले वृद्धि भई रु.११ अर्ब ३५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.३ अर्ब ८९ करोड रहेको थियो ।

१७. समीक्षा अवधिमा सेवा खाताअन्तर्गत भ्रमण व्यय ९१.६ प्रतिशतले वृद्धि भई रु.३६ अर्ब ३० करोड पुगेको छ। यसमध्ये शिक्षातर्फको व्यय रु.२२ अर्ब ६० करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु.१८ अर्ब ९५ करोड रहेकोमा शिक्षातर्फको व्यय रु.१५ अर्ब ६७ करोड रहेको थियो ।

## विप्रेषण आप्रवाह

१८. समीक्षा अवधिमा विप्रेषण आप्रवाह ४.९ प्रतिशतले कमी आई रु.५४० अर्ब १२ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १०.९ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह ५.८ प्रतिशतले कमी आई ४ अर्ब ५३ करोड कायम भएको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ६.८ प्रतिशतले बढेको थियो ।

१९. समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या उल्लेख्य रुपमा वृद्धि भई २,००,१०२ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ८५.४ प्रतिशतले घटेको थियो । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा २६५.९ प्रतिशतले वृद्धि भई १,५२,३२५ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ७३.१ प्रतिशतले घटेको थियो ।

२०. समीक्षा अवधिमा खुद ट्रान्सफर ४.२ प्रतिशतले कमी आई रु.६०३ अर्ब ७३ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ८.९ प्रतिशतले बढेको थियो ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

२१. समीक्षा अवधिमा चालु खाता रु.४१३ अर्ब ८६ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.१०४ अर्ब ३९ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ८९ करोड २१ लाखले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा ३ अर्ब ४७ करोडले घाटामा रहेको छ ।


२२. समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर १९.४ प्रतिशतले कमी आई रु.६ अर्ब ३१ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ८०.६ प्रतिशतले वृद्धि भई रु.१६ अर्ब २९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु.७ अर्ब ८३ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु.९ अर्ब २ करोड रहेको थियो ।

२३. समीक्षा अवधिमा अन्तर्राष्ट्रिय मुद्रा कोषवाट रु.१३.०८ अर्ब (अमेरिकी डलर ११०.४२ मिलियन) एक्स्टेन्डेड क्रेडिट फसिलिटी (Extended Credit Facility, ECF) प्राप्त भएको छ ।

२४. समीक्षा अवधिमा शोधनान्तर स्थिति रु.२४७ अर्ब ३ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.९७ अर्ब ३६ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ८१ करोड ७६ लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा २ अर्ब ७ करोडले घाटामा रहेको छ ।

## कुल विदेशी विनिमय सञ्चिति

२५. २०७८ असार मसान्तमा रु.१३९९ अर्ब ३ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १६.२ प्रतिशतले कमी आई २०७८ माघ मसान्तमा रु.११७३ अर्ब २ करोड कायम भएको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०७८ असार मसान्तमा ११ अर्ब ७५ करोड रहेकोमा २०७८ माघ मसान्तमा १७.० प्रतिशतले कमी आई ९ अर्ब ७५ करोड कायम भएको छ ।




२६. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७८ असार मसान्तमा रु.१२४४ अर्ब ६३ करोड रहेकोमा २०७८ माघ मसान्तमा १७.७ प्रतिशतले कमी आई रु.१०२४ अर्ब ६० करोड कायम भएको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७८ असार मसान्तमा रु.१५४ अर्ब ३९ करोड रहेकोमा २०७८ माघ मसान्तमा ३.९ प्रतिशतले कमी आई रु.१४८ अर्ब ४२ करोड कायम भएको छ । २०७८ माघ मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४.२ प्रतिशत रहेको छ ।

### सञ्चिति पर्याप्तता सूचक

२७. आर्थिक वर्ष २०७८/७९ को ७ महिनाको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ७.४ महिनाको वस्तु आयात र ६.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । २०७८ माघ मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन (अघिल्लो आर्थिक वर्षको), कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः २७.५ प्रतिशत, ५५.८ प्रतिशत र २२.१ प्रतिशत रहेका छन् । २०७८ असार मसान्तमा यी अनुपातहरु क्रमशः ३२.८ प्रतिशत, ८४.७ प्रतिशत र २७.१ प्रतिशत रहेका थिए ।

### कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

२८. अन्तर्राष्ट्रिय बजारमा २०७७ माघ मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ६२.४७ रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७८ माघ मसान्तमा ५६.१ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ९७.५० पुगेको छ । त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०७७ माघ मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर १८१६.३५ रहेकोमा २०७८ माघ मसान्तमा ०.८ प्रतिशतले वृद्धि भई अमेरिकी डलर १८३१.१५ पुगेको छ ।

### विनिमय दर

२९. २०७८ असार मसान्तको तुलनामा २०७८ माघ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.०६ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ ३.५३ प्रतिशतले अधिमूल्यन भएको थियो । २०७८ माघ मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१२०.३२ पुगेको छ । २०७८ असार मसान्तमा उक्त विनिमय दर रु.११९.०४ रहेको थियो ।

# सरकारी वित्त स्थिति

## संघीय सरकार

### खर्च तथा राजस्व

३०. नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार आर्थिक वर्ष २०७८/७९ को माघ मसान्तसम्ममा संघीय सरकारको कुल रु.५९१ अर्ब २ करोड खर्च भएको छ । यस अवधिमा चालु खर्चतर्फ रु.४७५ अर्ब ६२ करोड, पुँजीगत खर्चतर्फ रु.६० अर्ब ७९ करोड र वित्तीय व्यवस्था अन्तर्गतको खर्चतर्फ रु.५४ अर्ब ६१ करोड रहेको छ (तालिका २)।

**तालिका २ : सरकारी खर्च तथा राजस्व (सात महिनासम्म)**

| विवरण | रकम (रु.अर्बमा) | | | प्रतिशत परिर्वतन | |
|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ |
| **कुल खर्च** | **४८७.०९** | **४९९.६८** | **५९१.०२** | **२.६** | **१८.३** |
| *चालु खर्च* | *३६५.७५* | *४०६.७३* | *४७५.६२* | *११.२* | *१६.९* |
| *पुँजीगत खर्च* | *७७.२८* | *६२.८४* | *६०.७९* | *-१८.७* | *-३.३* |
| *वित्तीय व्यवस्था* | *४४.०६* | *३०.११* | *५४.६१* | *-३१.७* | *८१.४* |
| **राजस्व परिचालन** | **४९२.२८** | **४९८.५२** | **६१३.४१** | **१.३** | **२३.०** |
| *कर राजस्व* | *४४७.८१* | *४५८.१०* | *५६०.८४* | *२.३* | *२२.४* |
| *गैर-कर राजस्व* | *४४.४७* | *४०.४२* | *५२.५७* | *-९.१* | *३०.०* |

स्रोत : महालेखा नियन्त्रक कार्यालय

३१. समीक्षा अवधिमा सरकारको कुल राजस्व रु.६१३ अर्ब ४१ करोड (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँड हुने रकमसमेत) परिचालन भएको छ। यसमध्ये कर राजस्व तर्फ रु.५६० अर्ब ८४ करोड र गैर-कर राजस्व तर्फ रु.५२ अर्ब ५७ करोड परिचालन भएको छ (तालिका २)।

३२. समीक्षा अवधिमा संघीय सरकारले ट्रेजरी विलमार्फत् रु.२३ अर्ब र विकास ऋणपत्रमार्फत् रु.२९ अर्ब ५० करोड परिचालन गरी रु.५२ अर्ब ५० करोड आन्तरिक ऋण परिचालन गरेको छ।

### नगद मौज्दात

३३. २०७८ माघ मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.३०४ अर्ब ४२ करोड (प्रदेश सरकार तथा स्थानीय तहको खातामा रहेको रकम समेत) नगद मौज्दात रहेको छ। २०७८ असार मसान्तमा यस्तो मौज्दात रु.२०० अर्ब १८ करोड रहेको थियो।


## प्रदेश सरकार

३४. आर्थिक वर्ष २०७८/७९ को माघ महिनासम्ममा प्रदेश सरकारको स्रोत प्राप्ति रु.८९ अर्ब ७ करोड रहेको छ। यसमा संघीय सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरेको अनुदान र संघीय विभाज्य कोषबाट बाँडफाँड हुने राजस्वसमेत गरी रु.६३ अर्ब ५४ करोड र प्रदेश सरकारहरुले परिचालन गरेको राजस्व र अन्य स्रोतबाट रु.२५ अर्ब ५३ करोड रहेको छ। त्यसैगरी, यस अवधिमा प्रदेश सरकारहरुको खर्च रु.४९ अर्ब ३१ करोड रहेको छ।

# मौद्रिक स्थिति

## मुद्राप्रदाय

३५. आर्थिक वर्ष २०७८/७९ को सात महिनामा विस्तृत मुद्राप्रदाय २.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय १०.३ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७८ माघ मसान्तमा विस्तृत मुद्राप्रदाय १३.५ प्रतिशतले बढेको छ।



**चार्ट ४: मुद्राप्रदायको वृद्धिदर (माघ)**
**(वार्षिक विन्दुगत)**

३६. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.२४७ अर्ब ३ करोड (१८.५ प्रतिशत) ले घटेको छ। अघिल्लो वर्षको

सोही अवधिमा उक्त सम्पत्ति रु.९७ अर्ब ३६ करोड (७.३ प्रतिशत) ले बढेको थियो ।


३७. समीक्षा अवधिमा सञ्चित मुद्रा १३.५ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ८.१ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७८ माघ मसान्तमा सञ्चित मुद्रा १.० प्रतिशतले घटेको छ ।

### कुल आन्तरिक कर्जा

३८. आर्थिक वर्ष २०७८/७९ को सात महिनामा कुल आन्तरिक कर्जा ९.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा १०.८ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७८ माघ मसान्तमा यस्तो कर्जा २५.६ प्रतिशतले बढेको छ ।

३९. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १२.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी १४.० प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७८ माघ मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी २५.१ प्रतिशतले बढेको छ ।

**चार्ट ५: निक्षेप तथा कर्जा वृद्धिदर (माघ)**
**(वार्षिक विन्दुगत)**




### निक्षेप परिचालन

४०. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ३.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ९.८ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७८ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १४.६ प्रतिशतले बढेको छ ।

४१. २०७८ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ८.३ प्रतिशत, ३०.१ प्रतिशत र ५४.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ८.२ प्रतिशत, ३३.९ प्रतिशत र ४८.९ प्रतिशत रहेको थियो ।

४२. २०७८ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३८.८ प्रतिशत रहेको छ । २०७७ माघ मसान्तमा यस्तो निक्षेपको अंश ४२.० प्रतिशत रहेको थियो ।

**तालिका ३: बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा)**

| निक्षेप | असार मसान्त | | माघ मसान्त | |
|---|---|---|---|---|
| | २०७७ | २०७८ | २०७७ | २०७८ |
| चल्ती | १०.० | १०.४ | ८.२ | ८.३ |
| बचत | ३१.९ | ३४.२ | ३३.९ | ३०.१ |
| मुद्दती | ४८.६ | ४७.० | ४८.९ | ५४.६ |
| अन्य | ९.५ | ८.४ | ९.० | ७.० |

### कर्जा प्रवाह

४३. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १२.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १४.१ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७८ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा २५.३ प्रतिशतले बढेको छ ।

४४. समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १२.१ प्रतिशतले, विकास बैंकहरुको कर्जा प्रवाह १२.८ प्रतिशतले र वित्त कम्पनीहरुको कर्जा प्रवाह २२.७ प्रतिशतले बढेको छ ।

४५. २०७८ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहिरहेको कर्जामध्ये ६६.८ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १२.७ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०७७ माघ मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६६.४ प्रतिशत र १२.३ प्रतिशत रहेको थियो ।

४६. आर्थिक वर्ष २०७८/७९ को ७ महिनामा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये कृषि क्षेत्रतर्फको कर्जा १३.६ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ११.८ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा ९.३ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा १३.८ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ५.६ प्रतिशतले बढेको छ ।

४७. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जामध्ये आवधिक कर्जा ११.३ प्रतिशतले, ओभरड्राफ्ट कर्जा २१.३ प्रतिशतले, डिमान्ड तथा अन्य चालु पुँजी कर्जा १२.७ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) १३.५ प्रतिशतले र हायर पर्चेज कर्जा ५.५ प्रतिशतले बढेको छ भने ट्रष्ट रिसिट (आयात) कर्जा २५.५ प्रतिशतले र मार्जिन प्रकृति कर्जा ७.२ प्रतिशतले घटेको छ ।

## तरलता व्यवस्थापन

४८. आर्थिक वर्ष २०७८/७९ को सात महिनामध्ये पहिलो महिनामा रिभर्स रिपोमार्फत् रु.२८ अर्ब ३५ करोड र निक्षेप संकलन उपकरणमार्फत् रु.३१ अर्ब ६५ करोड गरी कुल रु.६० अर्ब तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सात महिनाको अवधिमा रिभर्स रिपोमार्फत् रु.८९ अर्ब ५४ करोड र निक्षेप संकलन उपकरणमार्फत् रु.१९३ अर्ब ७५ करोड गरी कुल रु.२८३ अर्ब २९ करोड तरलता प्रशोचन भएको थियो ।

४९. समीक्षा अवधिमा रिपोमार्फत रु.३४२ अर्ब ९३ करोड, सोझै खरिद उपकरणमार्फत् रु.२७ अर्ब २२ करोड र स्थायी तरलता सुविधामार्फत् रु.३७१५ अर्ब ९० करोड गरी कुल रु.४०८६ अर्ब ४ करोड तरलता प्रवाह गरिएको छ ।

५०. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) मा अमेरिकी डलर ९० करोड २२ लाख खुद खरिद गरी रु.१०८ अर्ब ३२ करोड तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब २४ करोड खुद खरिद गरी रु.२६४ अर्ब ४९ करोड तरलता प्रवाह गरिएको थियो ।

५१. समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब ६४ करोड बिक्री गरी रु.३१५ अर्ब ९ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २ अर्ब ४० करोड बिक्री गरी रु.२८३ अर्ब ४० करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो ।

## पुनरकर्जा, सहुलियतपूर्ण कर्जा र व्यवसाय निरन्तरता कर्जा

५२. यस बैंकले सहुलियत दरमा प्रदान गर्दै आएको पुनरकर्जा २०७८ माघ मसान्तमा रु.१५३ अर्ब ६९ करोड लगानीमा रहेको छ ।

५३. २०७८ माघ मसान्तसम्ममा १,४२,३४४ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रु.२१४ अर्ब ७८ करोड कर्जा बक्यौता रहेको छ । यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जाअन्तर्गत ५८,२६९ ऋणीलाई प्रवाह भएको रु.१३६ अर्ब ८३ करोड कर्जा रहेको छ भने महिला उद्यमशील कर्जा अन्तर्गत ८१,२२७ महिला उद्यमीलाई प्रवाह भएको रु.७४ अर्ब १९ करोड कर्जा रहेको छ । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षकअन्तर्गत २,८४८ ऋणीको रु.३ अर्ब ७६ करोड कर्जा बक्यौता रहेको छ ।

५४. "व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७" बमोजिम कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि व्यवस्था गरिएको कर्जा २०७८ माघ मसान्तसम्ममा रु.१ अर्ब १३ करोड स्वीकृत भएको छ ।

**तालिका ४: पुनरकर्जा कार्यविधि २०७७ अनुसार स्वीकृत पुनरकर्जा विवरण (रु. करोडमा)**

| पुनरकर्जाको प्रकार | २०७७/७८ | | २०७८ माघ मसान्तसम्म | |
|---|---|---|---|---|
| | ऋणी संख्या | कर्जा | ऋणी संख्या | कर्जा |
| साधारण | ११२९६ | ९८७५.० | १३०७५ | ८५७२ |
| विशेष | २०४० | १४६२.० | १७०७ | १२२९ |
| लघु,घरेलु तथा साना उद्यम | ३५५५४ | ३५३८.० | ९४८६ | ८१० |
| **कुल** | **४८८९०** | **१४८७५.०** | **२४२६८** | **१०६११** |

## अन्तर-बैंक कारोबार

५५. आर्थिक वर्ष २०७८/७९ को सात महिनामा वाणिज्य बैंकहरुको रु.१८९३ अर्ब २८ करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकहरुबीच बाहेक) को रु.२३६ अर्ब ९३ करोड गरी कुल रु.२१३० अर्ब २१ करोडको अन्तर-बैंक कारोबार भएको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको रु.३६३ अर्ब २५ करोड र अन्य वित्तीय संस्थाहरुको रु.१२९ अर्ब ८ करोड गरी कुल रु.४९२ अर्ब ३३ करोड अन्तर बैंक कारोबार भएको थियो ।

## ब्याजदर

५६. २०७७ माघमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर १.१३ प्रतिशत रहेकोमा २०७८ माघमा ५.३२ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७७ माघमा ०.५८ प्रतिशत रहेकोमा २०७८ माघमा ४.७८ प्रतिशत रहेको छ । मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा लिइने भारित औसत अन्तर-बैंक (बैंक तथा वित्तीय संस्था) ब्याजदर २०७८ माघमा ४.८० प्रतिशत रहेको छ । अघिल्लो बर्षको सोही महिनामा यस्तो ब्याजदर ०.५९ प्रतिशत रहेको थियो ।

५७. वाणिज्य बैंकहरुको औसत आधार दर २०७७ माघमा ६.९७ प्रतिशत रहेकोमा २०७८ माघमा ८.५३ प्रतिशत कायम भएको छ । २०७८ माघमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ६.४९ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर १०.३१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्ता दरहरु क्रमशः ४.८६ प्रतिशत र ८.८९ प्रतिशत रहेको थियो ।

## मर्जर/प्राप्ति

५८. वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराएपश्चात् २०७८ माघ मसान्तसम्म कुल २३९ बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १७७ संस्थाहरुको इजाजत खारेज हुन गई ६२ संस्था कायम भएका छन् ।

## वित्तीय पहुँच

५९. कुल ७५३ स्थानीय तहमध्ये २०७८ माघसम्म ७५० तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका छन् । २०७७ माघसम्म ७४९ स्थानीय तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका थिए ।

६०. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७८ माघ मसान्तमा १२८ रहेको छ । यस मध्ये २७ वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ६६ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७८ असार मसान्तमा १०,६८३ रहेकोमा २०७८ माघ मसान्तमा ११,२५५ पुगेको छ (तालिका ५) ।

**तालिका ५: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या***

| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | | |
|---|---|---|---|---|---|---|
| | २०७७ असार मसान्त | २०७८ असार मसान्त | २०७८ माघ मसान्त | २०७७ असार मसान्त | २०७८ असार मसान्त | २०७८ माघ मसान्त |
| वाणिज्य बैंक | २७ | २७ | २७ | ४४३६ | ४७५३ | ४८६७ |
| विकास बैंक | २० | १८ | १७ | १०२९ | १०२३ | १०७२ |
| वित्त कम्पनी | २२ | १७ | १७ | २४३ | २२२ | २५१ |
| लघुवित्त वित्तीय संस्था | ८५ | ७० | ६६ | ४०५७ | ४६८५ | ५०६५ |
| पूर्वाधार विकास बैंक | १ | १ | १ | – | – | – |
| **जम्मा** | **१५५** | **१३३** | **१२८** | **९७६५** | **१०६८३** | **११२५५** |


*यस सम्बन्धी अद्यावधिक विवरण http://emap.nrb.org.np/मा उपलब्ध छ ।

### विद्युतीय भुक्तानी कारोबार

६१. विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, विद्युतीय भुक्तानी कारोबारका लागि गरिएको प्रोत्साहन र सर्वसाधारणको विद्युतीय भुक्तानी उपकरण प्रयोगमा बढ्दो अभ्यासका कारण विद्युतीय भुक्तानी कारोबार उल्लेखनीय रहेको छ ( तथ्याङ्क तालिका ५९) ।

## पुँजी बजार

६२. २०७७ माघ मसान्तमा २५२६.९ रहेको नेप्से सूचकाङ्क २०७८ माघ मसान्तमा २८०१.६ पुगेको छ ।




६३. २०७८ माघ मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.३९५९ अर्ब ६५ करोड पुगेको छ । २०७७ माघ मसान्तमा बजार पुँजीकरण रु.३४०६ अर्ब १७ करोड रहेको थियो ।

६४. २०७८ माघमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २२६ पुगेको छ । सूचीकृत कम्पनीहरुमध्ये १४३ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ४७ जलविद्युत् कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ५ होटल, ५ लगानी कम्पनी, ४ व्यापारिक संस्था र ३ अन्य समूहका रहेका छन् । २०७७ माघमा सूचीकृत कम्पनीहरूको संख्या २१६ रहेको थियो ।

६५. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ६५.८ प्रतिशत रहेको छ । त्यसैगरी जलविद्युत कम्पनीको हिस्सा १०.८ प्रतिशत, लगानी कम्पनीको ७.४ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ४.५ प्रतिशत, होटेलको हिस्सा १.४ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.४ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ९.७ प्रतिशत रहेको छ ।

६६. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७८ माघसम्ममा सूचीकृत ६ अर्ब ५६ करोड शेयरको चुक्ता मूल्य रु. ६४६ अर्ब ८४ करोड रहेको छ ।

६७. आर्थिक वर्ष २०७८/७९ को सात महिनासम्ममा रु.४६ अर्ब १६ करोड बराबरको डिबेन्चर, रु.१५ अर्ब ८६ करोड बराबरको साधारण शेयर, रु.१० अर्ब ९६ करोड बराबरको बोनस शेयर, रु.९ अर्ब १८ करोड बराबरको हकप्रद शेयर र रु.३ अर्ब ७५ करोड बराबरको म्युचुअल फण्ड गरी कुल रु.८५ अर्ब ९१ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

६८. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.३ अर्ब ८० करोड बराबरको डिबेन्चर, रु.३ अर्ब बराबरको म्युचुअल फण्ड, रु.२ अर्ब ८४ करोड बराबरको साधारण शेयर र रु.२ अर्ब ३ करोड बराबरको हकप्रद शेयर गरी कुल रु.११ अर्ब ६७ करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति दिएको छ ।